# निक्षेप तथा कर्जा सुरक्षण कोष

## Deposit & Credit Guarantee Fund

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

"ऋण र धन, दुवैको सुरक्षण"

५२ वार्षिकोत्सव

अंक ७ वर्ष ४ (वैशाख २०८३)

निक्षेप तथा कर्जा सुरक्षण कोषको अर्धवार्षिक वुलेटिन




## यस भित्र


- सम्पादकीय
- स्टार्टअप उद्यम कर्जा सुरक्षणकालागि त्रिपक्षिय समझदारी
- कोषको सञ्चालक समिति सदस्यमा परिवर्तन
- कोष र यूएनडीपीको सहकार्यमा एकल कृषि कर्जा सुरक्षण सम्बन्धी कार्यशाला सम्पन्न
- कर्जा सुरक्षण सम्झौता
- एकल कृषि कर्जा सुरक्षण योजनाबारे सुर्खेतमा कार्यशाला सम्पन्न
- ३७ औं ACSIC सम्मेलनमा सहभागिता
- नियुक्ति, बढुवा तथा अवकाश
- बाह्य तालिम कार्यक्रममा सहभागिता
- विराटनगरमा कर्जा सम्बन्धी नयाँ सफ्टवेयरबारे एकदिने कार्यशाला सम्पन्न
- बुटवलमा कर्जा सुरक्षणसम्बन्धी गोष्ठी तथा सफ्टवेयर अभिमुखिकरण कार्यक्रम सम्पन्न

## सम्पादकीय

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्ममा ५५ बैंक तथा वित्तीय संस्थाहरुमा रहेको ५ करोड १८ लाख ३९ हजार प्राकृतिक निक्षेपकर्ताहरुको रु. १७ खर्ब ७५ अर्ब ४४ करोड ८९ लाख निक्षेप रकम कोषमा सुरक्षण भएको छ। यस आ.व. २०८२/८३ को सुरक्षण रकमको वार्षिक लक्ष्य १६ खर्ब ५३ अर्ब रहेकोमा १७ खर्ब ७५ अर्ब निक्षेपको सुरक्षण भई वार्षिक लक्ष्यको १०३.८९ प्रतिशत लक्ष्य हासिल भएको छ। अघिल्लो आर्थिक वर्षको चैत्र मसान्तको निक्षेप सुरक्षण रकम रु. १५ खर्ब ३७ अर्बको तुलनामा १५ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस आर्थिक वर्षमा सुरक्षण शुल्कको वार्षिक लक्ष्य रु.२ अर्ब ६४ करोड ४८ लाख रहेकोमा चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म रु. २ अर्ब ५ करोड ८२ लाख सुरक्षण शुल्क प्राप्त भई वार्षिक लक्ष्यको ७८ प्रतिशत लक्ष्य हासिल भएको छ। अघिल्लो आर्थिक वर्षको चैत्र मसान्तको निक्षेप सुरक्षण शुल्क रकम रु. १ अर्ब ८० करोड ५९ लाखको तुलनामा १४ प्रतिशतले वृद्धि भएको देखिन्छ।

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्ममा विभिन्न बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई ३५४८ जना कृषकहरुले खरीद गरेको ७६७८ वटा पशुधनहरुको रु.३९ करोड ६२ लाख ५९ हजार बराबरको पशुधन कर्जा कोषमा सुरक्षण भई रु.१ करोड ९८ लाख १३ हजार सुरक्षण शुल्क आम्दानी भएको छ। यस अवधिमा ३०८ पशुपालक कृषकको ३४७ पशुधनको रु.१ करोड १७ लाख ९६ हजार दावी भुक्तानी गरेको छ।

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्त सम्ममा साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ४ वटा सदस्य संस्थाबाट ८,६१५ ऋणीमा लगानी भएको रु. २० अर्ब ४ करोड ९४ लाख ६२ हजार बराबरको कर्जा सुरक्षण भएको छ। यस अवधिमा ४ जना ऋणीको रु. १ करोड ४१ लाख ७६ हजार दावी रकम भुक्तानी गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्त सम्ममा कृषि कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १२७३४ ऋणीको रु. १३ अर्ब ५७ करोड ५४ लाख ५९ हजार कर्जा र कम कोषमा सुरक्षण भएको छ। यस कार्यक्रम अन्तर्गत चैत्र मसान्त सम्ममा कुनै पनि दावी भुक्तानी गरिएको छैन।

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्त सम्ममा लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १७,७८,६८९ ऋणीको रु. ३ खर्ब ९ अर्ब १३ करोड ५७ लाख ६६ हजार रकम कोषमा सुरक्षण भएको छ। यस अवधिमा ६,१४७ ऋणीको रु. ३८ करोड ७९ लाख ८८ हजार प्रथम किस्ता र ४,०४३ जना ऋणीको रु.६ करोड ५१ लाख १४ हजार दोस्रो किस्ता गरी जम्मा रकम रु.४५ करोड ३१ लाख २ हजार दावी भुक्तानी गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्ममा सहुलियतपूर्ण कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ४०,७०९ जना ऋणीलाई प्रवाह भएको रु. ११ अर्ब ४४ करोड १७ लाख ८८ हजार कर्जा रकम कोषमा सुरक्षण भएको छ। यस अवधिमा १३६ जना ऋणीको रु. ४ करोड १७ लाख ७ हजार दावी भुक्तानी गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्ममा स्टार्टअप कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ७६५ जना ऋणीलाई प्रवाह भएको रु. ८१ करोड १३ लाख ६० हजार कर्जा रकम कोषमा सुरक्षण भएको छ। यस अवधिमा यस शिर्षकमा कुनै दाबी रकम भुक्तानी गरिएको छैन।

कोषले संचालन गरेका कर्जा सुरक्षण कार्यक्रमहरु मध्ये लघुवित्त तथा विपन्न वर्ग, साना तथा मझौला उद्यम कर्जा, कृषि कर्जा र स्टार्टअप कर्जासँग सम्वन्धित कार्यक्रमहरु बढी प्रभावकारी रहेको छ। कोषका अन्य सुरक्षण कार्यक्रमहरु प्रति पनि बैंक/वित्तीय संस्थाहरुको आकर्षण बढेको देखिएको छ भने थप नयाँ नयाँ कर्जा सुरक्षणका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको छ।


### केन्द्रीय कार्यालय, काठमाडौं
फोन नं.: ०१-४५२१२४१
०१-४५१०१२७
info@dcgf.gov.np
www.dcgf.gov.np

### मुख्य शाखा कार्यालय, काठमाडौं
फोन नं.: ०१-५९७०७७५
kathmandu@dcgf.gov.np

### शाखा कार्यालयहरु:

#### कोशी प्रदेश, बिराटनगर
फोन नं.: ०२१-४६४१२४
biratnagar@dcgf.gov.np

#### मधेश प्रदेश, जनकपुर
फोन नं.: ०४१-५९०५२७
janakpur@dcgf.gov.np

#### बागमती प्रदेश, भरतपुर
फोन नं.: ०५६-४९३८२८
bharatpur@dcgf.gov.np

#### गण्डकी प्रदेश, पोखरा
फोन नं.: ०६१-५८८६६९
pokhara@dcgf.gov.np

#### लुम्बिनी प्रदेश, बुटवल
फोन नं.: ०७१-४१५१६२
butwal@dcgf.gov.np

#### कर्णाली प्रदेश, सुर्खेत
फोन नं.: ०८३-४१२११३
surkhet@dcgf.gov.np

#### सुदुरपश्चिम प्रदेश, धनगढी
फोन नं.: ०९१-५२५०००
dhangadhi@dcgf.gov.np

# स्टार्टअप उद्यम कर्जा सुरक्षणकालागि त्रिपक्षीय समझदारी

स्टार्टअप प्रवर्द्धन तथा बिना धितो स्टार्टअप कर्जालाई प्रभावकारी बनाउन औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI), राष्ट्रिय वाणिज्य बैंक (RBB) र निक्षेप तथा कर्जा सुरक्षण कोष (DCGF) बीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ।

MOU मा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (CEO) देवेन्द्र रमण खनाल, निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत (CEO) रमेश घिमिरे तथा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI) का कार्यकारी निर्देशक इञ्जिनियर उमेश कुमार गुप्ताले हस्ताक्षर गर्नुभएको थियो।



उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनिल कुमार सिन्हाको उपस्थितिमा सम्पन्न कार्यक्रममा मन्त्रालयका सचिव मधु सुदन बुर्लाकोटी र डा. राम प्रसाद घिमिरे, सहसचिव जितेन्द्र बस्नेत लगायतको उपस्थिति थियो।

समझदारीअनुसार राष्ट्रिय वाणिज्य बैंक (RBB) ले स्टार्टअपहरूका लागि बैंकिङ तथा ऋण प्रवाहको काम गर्नेछ भने निक्षेप तथा कर्जा सुरक्षण कोष (DCGF) ले धितोमुक्त ऋणको पूर्ण ग्यारेन्टी प्रदान गर्नेछ। यसले धितोको अभावमा बैंकिङ पहुँचबाट बाहिर रहेका स्टार्टअप उद्यमीहरूलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको छ।

कार्यक्रममा बोल्दै मन्त्री सिन्हाले स्टार्टअपले अर्थतन्त्रलाई सुदृढ बनाउने दिशामा यो समझदारी महत्वपूर्ण कोसेढुंगा भएको उल्लेख गर्दै निजी क्षेत्र, बैंकिङ प्रणाली र सरकारी संयन्त्रबीचको सहकार्यले नवप्रवर्तन र रोजगारी सिर्जनामा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सरकारको स्टार्टअप प्रवर्द्धन नीतिलाई कार्यान्वयनमा ल्याउने उद्देश्यसहित गरिएको यो सहकार्यले आगामी दिनमा युवामै उद्यमशीलता विकास र आर्थिक गतिविधि विस्तारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

## कोष सञ्चालक समिति सदस्यमा परिवर्तन

नेपाल सरकार (अर्थमन्त्रीस्तर)को मिति २०८२।०७।२८ गतेको निर्णय अनुसार कोषको सञ्चालक समितिको सदस्यको पदमा वरिष्ट चार्टर्ड अकाउन्टेन्ट श्री प्रकाशजंग थापा नियुक्त हुनुभएको छ।



# कोष र यूएनडीपीको सहकार्यमा एकल कृषि कर्जा सुरक्षण सम्बन्धी कार्यशाला सम्पन्न




निक्षेप तथा कर्जा सुरक्षण कोष र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को संयुक्त आयोजनामा मिति २०८२ फागनु १४ गते ललितपुरस्थित होटल स्क्वायरमा 'एकल कृषि कर्जा सुरक्षण योजना' सम्बन्धी कार्यशाला सम्पन्न भएको छ। कृषि क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने र आम जनताको कर्जामा पहुँच पुर्याउने उद्देश्यका साथ कोष र यूएनडीपीले ९ वटा स्थानीय तहहरूसँगको साझेदारीमा एक नमुना परियोजना अघि बढाएको हो ।

यसै परियोजना अन्तर्गत तयार पारिएको 'एकल कृषि कर्जा सुरक्षण योजना' स्किमको मस्यौदामाथि वाणिज्य बैंकहरूको राय र सुझाव संकलन गर्न यो कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, ग्लोबल आइएमई बैंक, लक्ष्मी सनराइज बैंक, नेपाल एसबीआई बैंक, प्रभु बैंक, हिमालयन बैंक र एनएमबी बैंकका उच्च व्यवस्थापन तहका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

सहभागी बैंकका प्रतिनिधिहरूले प्रस्तावित स्किमको मस्यौदामाथि व्यावहारिक र प्राविधिक सुझावहरू प्रस्तुत गरेका थिए ।

यो योजना कार्यान्वयनका लागि छुट्टै कोष खडा गरिने र छानिएका ९ स्थानीय तहहरूमा तोकिएका कृषि क्षेत्रमा लगानी गरिने लक्ष्य राखिएको जनाइएको छ ।

कार्यक्रमको समापनमा कोषका प्रमुख कार्यकारी अधिकृत (CEO) रमेश घिमिरेले बैंकहरूबाट प्राप्त सुझावहरूलाई थप छलफल गरी ग्रहणयोग्य सुझावहरूलाई समावेश गर्दै स्किमलाई अन्तिम रूप दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कोषले यस सहकार्य मार्फत कृषि क्षेत्रमा वित्तीय जोखिम न्यूनीकरण गरी बैंकिङ क्षेत्रलाई कृषि कर्जामा थप उत्साहित बनाउने विश्वास लिएको छ ।

## कर्जा सुरक्षण सम्झौता

निक्षेप तथा कर्जा सुरक्षण कोष र सुनसरीको दुहवीमा रहेको फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेडबीच मिति २०८२ मंसिर १२ गते कर्जा सुरक्षणसम्वन्धी सम्झौता भएको छ।

विराटनगरमा भएको सम्झौताअनुसार कोषले ऋणी र एकाघरको पति तथा पत्नीको मृत्यु, अशक्तता वा परीयोजना नष्ट भई बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित लघुकर्जामा हुनसक्ने नोक्सानीको क्षतिविरुद्ध सुरक्षण प्रदान गर्ने उद्देश्यले प्रचलनमा ल्याएको लघुकर्जा अतिरिक्त सुरक्षण योजना, २०८२ बमोजिम फरवार्डसँग कर्जा सुरक्षण सम्झौता भएको जनाएको हो ।

यस सम्झौतासँगै कोषको लघुवित्त तथा विपन्न वर्ग कर्जा

सुरक्षण कार्यक्रम अन्तर्गतको व्यवस्था बमोजिम फरवार्ड लघुवित्तले प्रवाह गरेको कर्जाको विलफुल डिफल्टमा ७५ प्रतिशत र मृत्यु, अशक्तता, परीयोजना नष्ट जस्ता परिस्थितिजन्य घटनाबाट कर्जा डिफल्ट भएको अवस्थामा सत प्रतिशत दावी भुक्तानी कोषले गर्नेछ ।

यस प्रकारको सम्झौतामार्फत योजनाको सदस्यता प्राप्त गरेको फरवार्ड लघुवित्तले नियमित वार्षिक सुरक्षण शुल्क शुन्य दशमलव ४ प्रतिशतमा थप शुन्य दशमलव १५ प्रतिशतसहित शुन्य दशमलव ५५ प्रतिशत सुरक्षण शुल्क तिर्नु पर्नेछ । सम्झौतामार्फत सुरक्षण योजनाको व्यवस्थाबमोजिम फरवार्ड लघुवित्तबाट विपन्न वर्गका व्यक्तिलाई लघु तथा साना उद्यम व्यवसाय संचालनका लागि प्रवाहित संस्थागत कर्जा शत प्रतिशत सुरक्षित भई कर्जाको सुरक्षणका लागि चल अचल सम्पत्तीको धितो लगायत अन्य सुरक्षण व्यवस्था गरिरहनु पर्ने झन्झटबाट फरवार्ड लघुवित्त मुक्त हुने कोषको अपेक्षा छ ।

# एकल कृषि कर्जा सुरक्षण योजनाबारे सुर्खेतमा कार्यशाला सम्पन्न

निक्षेप तथा कर्जा सुरक्षण कोष (डीसीजीएफ) र युएनडीपीको सहकार्यमा कर्णाली, सुदुरपश्चिम र बागमती प्रदेशका ९ स्थानीय तहका पदाधिकारीहरुको उपस्थितीमा सुर्खेतको होटल सिद्धार्थमा ‘एकल कृषि कर्जा सुरक्षण योजना’ सम्बन्धी कार्यशाला दुई चरणमा सम्पन्न भएको छ ।

यस नमुना कार्यक्रमका लागि कर्णाली प्रदेशबाट जुम्लाका चन्दननाथ नगरपालिका, पातारासी गाउँपालिका र तातोपानी गाउँपालिका गरी तीन वटा तथा सुर्खेतको बीरेन्द्रनगर नगरपालिका गरी कुल ४ स्थानीय तह, सुदुरपश्चिम बाजुराका बुढीगंगा नगरपालिका, बुढीनन्दा नगरपालिका र त्रिवेणी नगरपालिका गरी ३ तथा कैलालीको धनगढी उप-महानगरपालिका गरी कुल ४ स्थानीय तह र बागमती प्रदेशबाट काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका छनोट भएका थिए ।






पहिलो चरणको कार्यशाला मिति २०८२ कार्तिक १९-२० गते संचालन भएको थियो । यसमा उल्लिखित सुरक्षण योजनाको ढाँचा, विशेषता, साना किसान, कृषिसँग सम्बन्धित सहकारी संस्था तथा लघु, घरेलु, साना तथा मझौला उद्यमीलाई उपलब्ध हुने सहुलियत, सुविधा, सुरक्षण कोष, सुरक्षण कोषमा विभिन्न निकायहरुको योगदान तथा साझेदारी, कार्यक्रम कार्यान्वयनका लागि सम्बद्ध सरोकारवालाहरु बीच आवश्यक सहकार्य, बैंक तथा वित्तीय संस्था र कोषबीचमा हुने जोखिम साझेदारी आदबिारे मिश्रित वित्तीय लगानीसँग सम्बद्ध सरोकारवालाहरु बीच छलफल तथा अन्तरक्रियागरी पृष्ठपोषण लिने कार्य भएको थियो।

दोस्रो चरणको कार्यशाला मिति २०८२ चैत ६ गते संचालन भएको थियो । यसमा पहिलो चरणबाट आएका सल्लाह तथा सुझावको आधारमा सोमा आवश्यक परिमार्जन गरिएको जानकारी दिई योजनालाई अन्तिम रुप दिनकोलागि थप छलफल गरिएको थियो ।

निक्षेप तथा कर्जा सुरक्षण कोष, यूनडीपी तथा छानिएका ९ वटा स्थानीय तहहरुको संयुक्त योगदानमा छुट्टै कोष खडा गरी कृषिसंग सम्बन्धित तोकिएका क्षेत्रमा लगानी गर्न र आम जनताको कर्जामा पहुँच अभिवृद्धि गर्न एकल (ऋणीगत) कर्जा सुरक्षण कार्यक्रम शूरुवात गर्न नमुना परियोजना लागु गर्ने कार्य प्रक्रियामा रहेको छ ।

छानिएका स्थानीय तहबाट सहभागी जनप्रतिनिधि तथा कर्मचारीहरुले परियोजनाको सम्बन्धमा विविध जिज्ञाशा तथा सुझाव प्रस्तुत गरेका थिए । परियोजनाको मस्यौदा उपर प्राप्त सुझावहरुको थप छलफल गरी ग्रहणयोग्य सुझावहरु अनुसरण गरी स्किमलाई अन्तिम रुप दिइने कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले बताउनु भएको थियो ।

# ३७ औं ACSIC सम्मेलनमा सहभागिता:

एशिया महादेशका १४ वटा देशका कर्जा सुरक्षण सम्बन्धी कार्य गर्ने २० वटा संस्थाहरुको अन्तराष्ट्रिय संगठन ACSIC (Asian Credit Supplementation Institutions




Confederation) को ३७ औं वार्षिक सम्मेलन मिति २०८२ कार्तिक २४-२८ सम्म ताइवानको राजधानी ताइपेइ मा सम्पन्न भएको थियो । उक्त सम्मेलनको आयोजना Small & Medium Enterprise Credit Guarantee Fund (Taiwan) ले गरेको थियो ।

उक्त सम्मेलनमा कोषको तर्फबाट संचालक समिति सदस्य रोशन कुमार सिग्देल, प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे र प्रबन्धक विक्रान्त आचार्यले सहभागिता जनाउनु भएको थियो । सम्मेलनमा प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले Leveraging FinTech to Boost MSME Credit in Nepal




(नेपालमा लघु, साना तथा मझौला उद्यम कर्जा प्रोत्साहित गर्न फिनटेकको उपयोग) विषयक Panel Discussion मा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

# नियुक्ति, बढुवा तथा अवकाश

कोषको रिक्त रहेको तह ६- कम्प्युटर सहायक अधिकृत पदमा वैकल्पिक सूचीबाट छनौट तथा तह ७- अधिकृत, तह ६- सहायक अधिकृत र तह ५- प्रधान सहायक पदमा कार्यक्षमताको आधारमा बढुवा हुनुभएको कर्मचारीको विवरण निम्नअनुसार रहेको छ ।

| क्र.सं. | तह | पद | कर्मचारीको नाम, थर | नतिजा प्रकाशन मिति |
|---|---|---|---|---|
| १. | ७ | अधिकृत | कृष्ण बराल | २०८२/१२/०२ |
| | | | राम के.सी. | |
| २. | ६ | क.सहायक अधिकृत | रुद्र नेपाल | २०८२/१०/११ |
| ३. | ६ | सहायक अधिकृत | सविता दाहाल | २०८२/१२/०३ |
| ४. | ५ | प्रधान सहायक | संगिता खड्का | २०८२/१२/०३ |

त्यसैगरी तपसिलमा उल्लिखित मितिमा देहाय बमोजिमको कर्मचारीले स्वेच्छिक राजिनामा दिई कोषको सेवाबाट अलग हुनु भएको छ ।

| क्र.सं. | तह | पद | उम्मेदवारको नाम, थर | अवकाश मिति |
|---|---|---|---|---|
| १. | ६ | क.सहायक अधिकृत | विवेक न्यौपाने | २०८२/०५/०२ |

# तालिम कार्यक्रमः

## बाह्य तालिम कार्यक्रममा सहभागिता

विभिन्न संस्थाहरुले आयोजना गरेको तालिम कार्यक्रममा पछिल्लो ६ महिनामा देहाय बमोजिमका कर्मचारीहरु सहभागी भएका छन् :

| S.N. | तालिमको विवरण | आयोजक संस्था | सहभागी कर्मचारी |
|---|---|---|---|
| 1. | Positive Attitude & Stress Management | Nepal Yoga Institute & Retreat Pvt. Ltd. | जीवन सापकोटा |
| | | | रमेश दाहाल |
| | | | महेश्वरी बराल |
| | | | गजेन्द्र प्रसाद यादव |
| 2. | Accelerate Action Redieining Leadership | Banking Finance & Insurance Institute of Nepal | अन्जना खनाल |
| | | | आशिष पौडेल |
| | | | बिनु के.सी. |
| 3. | Cracking the code inside Nepal's Cyber World with the Cyber Bureau | Growth Leadership Academy | विवेक न्यौपाने |
| 4. | Navigating Economic Transition for an Aspirational Nepal | Banking Finance & Insurance Institute of Nepal | विक्रान्त आचार्य |
| | | | मन्दिरा थपलिया |
| | | | विदुर पराजुली |
| | | | रुची श्रेष्ठ |
| | | | कमला पौडेल |
| | | | चन्द्रकला सुनार |
| 5. | Revitalizing Microfinance in Nepal: Trust, Tech & Transformation | Banking Finance & Insurance Institute of Nepal | दिनेश कोइराला |
| | | | रुची श्रेष्ठ |
| | | | पुष्कर कोइराला |
| | | | विनोद जि.सी. |
| | | | पुष्पा भट्ट |
| | | | भगवान ओली |
| | | | श्याम कृष्ण शाही |
| 6. | Building a Resilient Insurance Ecosystem: Risk, Regulation & Revolutionizing Digital Innovation-3R | Banking Finance & Insurance Institute of Nepal | नवीन भट्टराई |
| | | | रुमा गुरुङ |
| | | | नवीन लुईटेल |
| | | | तुलसी लेखक |
| 7. | सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि, २०८२ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, अर्थ मन्त्रालय | तुलसी लेखक |

# विराटनगरमा कर्जा सम्बन्धी नयाँ सफ्टवेयरबारे एकदिने कार्यशाला सम्पन्न

निक्षेप तथा कर्जा सुरक्षण कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालय विराटनगरको संयुक्त आयोजनामा मिति २०८२ माघ १४ गते 'कर्जा सम्बन्धी नयाँ सफ्टवेयरको अभिमुखीकरण तथा पृष्ठपोषण' विषयक एक दिने कार्याशाला गोष्ठी विराटनगरको रत्ना होटनमा आयोजना गरिएको थियो ।



उक्त कार्यक्रममा यस कोषको सदस्य संस्था एक्सेल डेभलपमेन्ट बैंक, सप्तकोशी डेभलपमेन्ट बैक लिमिटेड, सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड, फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड, ग्लोवल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड, स्वरोजगार लघुवित्त वित्तीय



संस्था लिमिटेड, मेरो माइक्रोफाइनेस, एनआइसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड, सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड लगायत अन्य विभिन्न सदस्य संस्थाका प्रतिनिधिहरु उपस्थीत भएका थिए ।

कार्यक्रमको शुरुवातमा यस कोषका कर्जा विभाग प्रमुख प्रबन्धक विक्रान्त आचार्यले यस कोषमा संचालनमा रहेको कर्जा सम्बन्धी विभिन्न कार्यक्रमहरुको जानकारी तथा कोषमा नयाँ संचालनमा आएको र आउन लागेको अन्य कर्जा सम्बन्धी कार्यक्रमहरुको जानकारी पनि दिनुभएको थियो ।

कोषमा संचालनमा रहेका र नयाँ कार्यक्रमहरुको विषयबारे सदस्य संस्थाका प्रतिनिधीहरुबाट उठेका प्रश्नहरुको जवाफ कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले जवाफ दिनुका साथै कोषको भावी योजनाका बारेमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो ।

गोष्ठीमा यस कोषको कर्जा विभागका प्रधान सहायक पुष्पा भट्टले कर्जा सम्बन्धी नयाँ सफ्टवेयरको जानकारी दिनुभयो र सो सफ्टवेयरको सन्दर्भमा सदस्य संस्थाका प्रतिनिधीहरुका तर्फबाट आएका सल्लाह सुझावहरु कर्जा विभागका सहायक अधिकृत आशिष पौडेलले टिपोट गरी उपयुक्त सुझावहरु सफ्टवेयरमा लागु गरी आउने दिनमा कर्जासँग सम्बन्धीत दाबी तथा क्षतिपूर्तीमा सहजता पुग्ने जानकारी दिनुभयो ।

कोषको वार्षिक नीति तथा कार्यक्रममा भएको व्यवस्था अनुरुप बैंक तथा वित्तीय संस्थाहरुसँग निरन्तर छलफल र संवाद गरी बजारको सुरक्षणको आवश्कतालाई मध्यनजर गर्दै मौजुदा कार्यक्रमहरुमा रहेका समस्याहरु पहिचान गर्ने र सोका लागि राय सुझाव संकलनका लागि यस आर्थिक वर्षमा सबै प्रदेश समेटिने गरी गोष्ठि संचालन गर्ने लक्ष्य कोषले राखेको छ ।

# बुटवलमा कर्जा सुरक्षणसम्बन्धी गोष्ठी तथा सफ्टवेयर अभिमुखिकरण कार्यक्रम सम्पन्न

मिति २०८२ चैत २४ गते बुटवलमा 'कर्जा सुरक्षण सम्बन्धी गोष्ठी तथा कर्जा दाबी सम्बन्धी सफ्टवेयरको अभिमुखिकरण' कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैकको प्रदेश कार्यालय, इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि., ग्रामिण लघुवित्त वित्तीय संस्था लि., जनउत्थान लघुवित्त वित्तीय संस्था लि., स्वाभिमान लघुवित्त वित्तीय संस्था लि., सम्पदा लघुवित्त वित्तीय संस्था लि., उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि., स्वरोजगार लघुवित्त वित्तीय संस्था लि., लक्ष्मी लघुवित्त वित्तीय संस्था लि., मेरो माइक्रोफाइनान्स, सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लि., लगायतका विभिन्न बैंक तथा वित्तीय संस्थाहरुका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । कार्यक्रममा कोषका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे, नायव प्रमुख कार्यकारी अधिकृत उषा पौडेल, कर्जा विभागका प्रमुख प्रबन्धक विक्रान्त आचार्य, सूचना प्रविधि विभाग प्रमुख अधिकृत राजु केसी लगायत कोषको केन्द्रीय तथा शाखा कार्यलय बुटवलका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।






कार्यक्रम संचालन तथा सुरुवात शाखा कार्यालय बुटवलका प्रमुख बसन्त केसीले गर्नुभएको थियो भने स्वागत मन्तव्य कोषका नायव प्रमुख अधिकृत उषा पौडेलले दिनुभएको थियो। गोष्ठीमा उपस्थीत सहभागी सदस्य संस्थाका प्रतिनिधीहरुलाई यस कोषले संचालन गर्दै आएको तथा भावी कर्जा सुरक्षण कार्यक्रमकोबारे जानकारी कर्जा सुरक्षण प्रमुख प्रबन्धक विक्रान्त आचार्यले दिनुभएको थियो । त्यसैगरी कोषले संचालनमा ल्याउन लागेको कर्जा सुरक्षणसँग सम्बन्धित सफ्टवेयरबारे सूचना प्रबिधि विभाग प्रमुख अधिकृत राजु केसीले जानकारी दिनुभएको थियो ।

गोष्ठीमा सहभागी प्रतिनिधी ग्रामिण लघुवित्त वित्तिय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्याम कुमार कटुवालले आफ्नो मन्तव्य राख्नुभएको थियो । अन्त्यमा, कार्यक्रमा सहभागी प्रतिनिधिहरुको जिज्ञासाहरुको जवाफ कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले दिनुभएको थियो ।

# पत्रपत्रिकाबाट


aarthiknews
०८ जेठ २०८३, शुक्रबार
अर्थ वाणिज्य | शेयर बजार | बैंक - वित्त

## कर्जा सुरक्षणसम्बन्धी गोष्ठी बुटवलमा सम्पन्न, नयाँ ... अभिमुखीकरण

**बुटवल।** निक्षेप तथा कर्जा सुरक्षण कोषले कर्जा सुरक्षण प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले ... सम्पन्न गरेको छ।


आर्थिक प्लस
www.aarthikplus.com
कर्पोरेट प्लस | अर्थराजनीति | वित्त | लगानी | अर्थवाणिज्य | पूर्वाधार | अटो प्लस | विविध | ENGLIS...

## ... तथा कर्जा सुरक्षण कोष र यूएनडीपीद्वारा कृषि कर्जा सुरक्ष... बारे कार्यशाला सम्पन्न

...फागुन १४ — निक्षेप तथा कर्जा सुरक्षण कोष र यूएनडीपीको सहकार्यमा एकल कृषि कर्जा सुरक्षण योजन... ललितपुरस्थित होटल स्क्वायरमा सम्पन्न भएको छ।


BANKING Khabar.com
मुख्य पेज | राष्ट्र बैंक | बैंकिङ खबर | वित्तीय साक्षरता | इन्स्योरेन्स | मार्केट | अर्थतन्त्र | विशेष

## निक्षेप तथा कर्जा सुरक्षण कोषको गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न

२०८२ चैत २५ गते

**बैंकिङ खबर** / २०८२ साल चैत महिनाको २४ गते मंगलबारका दिन यस निक्षेप तथा कर्जा सुरक्षण कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालय बुटवलको संयुक्त आयोजनामा बुटवलमा अवस्थीत ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटलमा "कर्जा सुरक्षण सम्बन्धी गोष्ठी तथा कर्जा दावी सम्बन्धी सफ्टवेयरको अभिमुखिकरण कार्यक्रम" विषयक एक दिने कार्याशाला गोष्ठी सम्पन्न गरेको छ । उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैकको प्रदेश कार्यालय, इन्फिनिटी लघुवित्त वित्तीय ...



सहकारीको बचत सुरक्षण : कस्तो छ निक्षेप तथा कर्जा सुरक्षण कोषको तयारी ?


Bikash News
०८ जेठ, शुक्रबार २०८३
वित्त | सेयर | समाचार | बजार | सेवा | जनशक्ति | समाज | विचार | पालिका | अटो | फोकस

## बुटवलमा कर्जा सुरक्षण गोष्ठी सम्पन्न, नयाँ ... अभिमुखिकरण

विकासन्युज | मंगलबार, २४ चैत, २०८२ १५:३०:२२

काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोषले बुटवलमा कर्जा सुरक्षण सम्बन्धी गोष्ठी तथा कर्जा दाबीसम्बन्धी नयाँ सफ्टवेयरबारे अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ ।

कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालय बुटवलको संयुक्त आयोजनामा चैत २४ गते बुटवलस्थित एक होटलमा आयोजित एकदिने कार्यशाला गोष्ठीमा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, इन्फिनिटी लघुवित्त, ग्रामीण लघुवित्त, जनउत्थान लघुवित्त लगायतका संस्थाका प्रतिनिधिहरू सहभागी भएका थिए ।


BIZPATI.COM हरेक खबरमा आर्थिक कोण
Banking | Insurance | Capital | Industry | Economy | Infotech | Opinion | Election

## निक्षेप तथा कर्जा सुरक्षण कोषद्वारा नयाँ कर्जा... सफ्टवेयर अभिमुखीकरण गोष्ठी सम्पन्न

बिजपाटी संवाददाता
१४ माघ २०८२, बुधबार ३ : ३६ बजे

निक्षेप तथा कर्जा सुरक्षण कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालय विराटनगरको स... आयोजनामा बुधबार विराटनगरस्थित होटल रत्नामा "कर्जा सम्बन्धी नयाँ सफ्टवेयरको अभिमुखी... तथा पृष्ठपोषण लिने" विषयक एकदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ।


biz शाला
HOME | BANKING | CORPORATE | AUTO | What's New ? | FIN-TECH | HEALTH/HOSPITAL | INSU...

## 'कर्जासम्बन्धी नयाँ सफ्टवेयरको अभिमुखीकरण तथा पृष्ठपोष... लिने' विषयक एक दिने कार्यशाला गोष्ठी सम्पन्न

काठमाण्डौ । माघ १४ गते बुधबारका दिन निक्षेप तथा कर्जा सुरक्षण कोषको केन्द्रीय कार्या... शाखा कार्यालय विराटनगरको संयुक्त आयोजनामा विराटनगरमा अवस्थीत होटेल रत्नामा '... सम्बन्धी नयाँ सफ्टवेयरको अभिमुखीकरण तथा पृष्ठपोषण लिने' विषयक एक दिने कार्यशाला सम्पन्न भएको छ ।

CORPORATE NEPAL

## स्टार्टअप उद्यम कर्जा सुरक्षणको लागि छुट्टाछुट्टै सम्झौतापत्रमा हस्ताक्षर

कर्पोरेट नेपाल



काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोष र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान तथा राष्ट्रिय वाणिज्य बैंकबीच उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवारमा मन्त्री अनिलकुमार सिन्हाको उपस्थितिमा स्टार्टअप उद्यम कर्जा सुरक्षणको लागि छुट्टाछुट्टै सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

Diyopost

## लमा कर्जा सुरक्षणसम्बन्धी गोष्ठी तथा सफ्टवेयर मुखीकरण सम्पन्न




। बुटवालमा कर्जा सुरक्षणसम्बन्धी एकदिने गोष्ठी तथा कर्जा दाबीसम्बन्धी सफ्टवेयर अभिमुखीकरण कार्यक्रम भएको छ। कार्यक्रम निक्षेप तथा कर्जा सुरक्षण कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालय बुटवलको संयुक्त मा मंगलबार सम्पन्न गरिएको हो।

फरकपत्र

## ल कृषि कर्जा सुरक्षण योजना सम्बन्धी शाला सम्पन्न



निक्षेप तथा कर्जा सुरक्षण कोष र युएनडीपीको सहकार्यमा ललितपुरको होटल स्क्वायरमा एकल कृषि कर्जा सुरक्षण योजना सम्बन्धी एक कार्यशाला शालामा कोष, यूएनडीपी तथा क वर्गका बैंकका उच्च व्यवस्थापन तहका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

ण कोष, यूनडीपी तथा छानिएका नौ वटा स्थानीय तहहरुको संयुक्त योगदानमा छुट्टै कोष खडा गरी कृषिसंग सम्बन्धित तोकिएका क्षेत्रमा लगानी गर्न मा पहुँच अभिवृद्धि गर्न एकल (ऋणीगत) कर्जा सुरक्षण कार्यक्रम शुरुवात गर्न नमुना परियोजना लागू गर्न कार्य प्रक्रियामा रहेको छ ।

दायक बाणिज्य बैंकहरुको पृष्ठपोषणका लागि यस कार्यशाला आयोजना गरिएको हो । राष्ट्रिय बाणिज्य बैंक, कृषि विकाश बैंक, ग्लोबल आइएमई बैंक, नेपाल एसबीआई बैंक, प्रभु बैंक, हिमालयन बैंक, एनएमबी बैंक, हिमालयन बैंक लगायतका बैंकहरुका उच्च व्यवस्थापकहरुले कोष र यूएनडीपीको को स्किमको मस्यौदा उपर सुझाव प्रस्तुत गर्नुभएको थियो ।

झावहरुको थप छलफल गरी ग्रहणयोग्य सुझावहरु अनुसरण गरी स्किमलाई अन्तिम रुप दिइने कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे

नीति 365

## स्टार्टअप प्रवर्द्धनमा महत्वपूर्ण कदम : त्रिपक्षीय सम हस्ताक्षर

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, राष्ट्रिय वाणिज्य बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर

नीति 365 — २०८२ पुस १५, मंगलवार



काठमाडौं – स्टार्टअप प्रवर्द्धन तथा बिना धीतो स्टार्टअप कर्जालाई प्रभावकारी बनाउन औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI), राष्ट्रिय वाणिज्य बैंक (RBB) र निक्षेप तथा कर्जा सुरक्षण कोष (DCGF) बीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ।

हाम्रो अर्थ

## जीएफ र युएनडीपीको सहकार्यमा एकल कृषि कर्जा सु ना सम्बन्धी कार्यशाला सम्पन्न

बिहिवार , चैत्र ५, २०८२



क्षेप तथा कर्जा सुरक्षण कोष (डीसीजीएफ) र युएनडीपीको सहकार्यमा सुर्खेतको विरेन्द्रनगरको होटल स्क्वायरमा एकल कृषि कर्जा सुरक्षण योजना कार्यशाला सम्पन्न भएको छ ।

कोष, यूएनडीपी तथा कर्णाली, सुदुरपश्चिम र बाग्मती प्रदेशका नौ स्थानीय तहका पदाधिकारीहरुको सहभागिता रह्यो ।

malayaPost

## र्जा सुरक्षण कोष र फरवार्ड लघुवित्तबीच कर्जा स झौता




माडौं -निक्षेप तथा कर्जा सुरक्षण कोष र फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडबीच ता भएको छ ।

संसारन्यूज

## बुटवलमा कर्जा सुरक्षण सम्बन्धी गोष्ठी तथा सफ्टवेय अभिमुखीकरण सम्पन्न

Sansar News — 489 shares



**काठमाडौं ।** निक्षेप तथा कर्जा सुरक्षण कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालय बुटवलको संयुक्त आयोजनाम गोल्ड रिसोर्ट एण्ड होटलमा "कर्जा सुरक्षण सम्बन्धी गोष्ठी तथा कर्जा दाबी सम्बन्धी सफ्टवेयरको अभिमुखीकरण कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ।

नवसञ्चार

## सुरक्षण कोषको बारेमा बैंक तथा वित्तीय संस्थाहरु नै पूर्ण रुपमा जानकार छैनन्: प्रमुख कार्यकारी अधिकृत घिमिरे



*रमेश घिमिरे, प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष।*

काठमाडौं, माघ २६ गते । नेपाल सरकारको ९० प्रतिशत र १० प्रतिशत नेपाल राष्ट्र बैंकको स्वामित्वमा स्थापित निक्षेप तथा कर्जा सुरक्षण कोषले विगत पाँच दशकदेखि निक्षेप तथा कर्जाको सुरक्षण गर्दै आएको छ । विश्वसनीय र सुरक्षण सेवा प्रदायक संस्थाको रुपमा स्थापित कोषले सर्वसाधारणको निक्षेप तथा लक्षित वर्ग वा क्षेत्रमा प्रवाहित संस्थागत कर्जाको सुरक्षण गरी बैंक तथा वित्तीय संस्थाप्रति विश्वसनीयता अभिवृद्धि गर्दै आएको छ ।

# कोषको संचालनमा रहेको निक्षेप तथा कर्जा सुरक्षणका कार्यक्रमहरू:




lg If]k ;'/If0f





n3'tyf ljkGg ju{shf{;'/If0f




s[if shf{;'/If0f




;fgf tyf dWod shf{;'/If0f




;xlnotk0f{shf{;'/If0f




:6f6{k shf{;'/If0f

**प्रकाशक**
निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौं

**सल्लाहकार**
श्री रमेश घिमिरे,
प्रमुख कार्यकारी अधिकृत

**सम्पादक समूह**
श्री नबीन भट्टराई
श्री राम बहादुर के.सी.

**डिजाइन/लेआउट**
श्री श्याम कृष्ण शाही




kz'wg ;'/If0f